# सम्मरीमाई गाउँपालिकाबाट सञ्चालित योजनाहरुको अनुगमन तथा सुपरीवेक्षण सम्बन्धी निर्देशिका, २०७६

प्रमाणीकरण मिति

२०७६।०४।१०

## सम्वत् २०७६ सालको कार्यविधि नं. २०

**प्रस्तावना :** विकास निर्माणका लागि अत्यावश्यक पर्ने स्रोत साधनहरु सिमित हुन्छन्, ती स्रोत साधनहरुलाई आयोजना कार्यान्वयनका दौरानमा अनुकूलतम ढङ्गले परिचालन गरिएमा लागत प्रभावकारिता कायम हुने र उपभोक्ता वा नागरिकको सुविधा तथा हित सुनिश्चित हुने भएकोले आयोजना कार्यान्वयन एवम् निर्माणका चरणबाटै आयोजनामा उपयोग गरिएका स्रोत साधनहरुको गुणस्तर, भौतिक परिमाण, समय सीमा एवम् मूल्य लगायतका संसाधनको स्थलगत अध्ययन, अवलोकन र जाँच गरी आम नागरिकको विकासको फल समयमै उपभोग गर्ने अधिकारको संरक्षण प्रदान गर्नको लागि गाउँपालिकाबाट सञ्चालन हुने भौतिक पूर्वाधार सम्बन्धी योजनाहरुको दिगो व्यवस्थापन गर्न यो निर्देशिका वान्छनिय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को अधिकार प्रयोग गरी सम्मरीमाई गाउँकार्यपालिकाले गाउँपालिकाबाट सञ्चालित योजनाहरुको अनुगमन तथा सुपरीवेक्षण सम्बन्धी निर्देशिका, २०७६ बनाएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(क) यस निर्देशिकाको नाम : "सम्मरीमाई गाउँपालिकाबाट सञ्चालित योजनाहरुको अनुगमन तथा सुपरीवेक्षण सम्बन्धी निर्देशिका, २०७५" हुनेछ ।

(ख) यस निर्देशिकालाई संक्षिप्तमा अनुगमन निर्देशिका, २०७६ भनिनेछ ।

(ग) यो निर्देशिका गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मितिबाट लागू हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

(क) "गाउँपालिका" भन्नाले सम्मरीमाई गाउँपालिकालाई जनाउने छ ।

(ख) "कार्यपालिका" भन्नाले सम्मरीमाई गाउँ कार्यपालिकालाई जनाउने छ ।

(ग) "कार्यालय" भन्नाले सम्मरीमाई गाउँ कार्यपालिकाको कार्यालयलाई जनाउने छ ।

(घ) "अध्यक्ष" भन्नाले सम्मरीमाई गाउँपालिकाको अध्यक्षलाई जनाउने छ ।

(ङ) "उपाध्यक्ष" भन्नाले सम्मरीमाई गाउँपालिकाको उपाध्यक्षलाई जनाउने छ ।

(च) "संयोजक" भन्नाले गाउँपालिकाको अनुगमन तथा सुपरीवेक्षण समितिको संयोजकलाई जनाउने छ ।

(छ) "सदस्य सचिव" भन्नाले अनुगमन तथा सुपरीवेक्षण समितिको सदस्य सचिवलाई जनाउने छ ।

(ज) "वडास्तरीय अनुगमन समिति" भन्नाले वडा अध्यक्षको अध्यक्षतामा सम्बन्धित वडा भित्रको वडास्तरीय योजना अनुगमन गर्न गठन भएको समितिलाई जनाउने छ ।

## परिच्छेद-२
## समिति गठन र समितिको काम कर्तव्य तथा अधिकार

**३. अनुगमन तथा सुपरिवेक्षण समिति :** गाउँपालिकाबाट सञ्चालित गाउँस्तरीय योजनाहरुको लागत, परिमाण, समय सीमा र गुणास्तरको आधारमा अनुगमन गरी आवश्यक पृष्ठपोषण प्रदान गर्नको लागि देहाय अनुसारको अनुगमन तथा सुपरिवेक्षण समिति गठन गरिनेछ ।

(क) उपाध्यक्ष — संयोजक

(ख) प्रमुख प्रशासकीय अधिकृत — सदस्य

(ग) अध्यक्षले तोकेको महिला, दलित कार्यपालिका सदस्यहरु मध्येवाट १/१ गरी २ जना — सदस्य

(घ) सम्वन्धित वडामा रहेको योजनाको लागि सम्वन्धित वडाको वडा अध्यक्ष — सदस्य

(ङ) पूर्वाधार/प्राविधिक शाखा प्रमुख — सदस्य

(च) आर्थिक प्रशासन शाखा प्रमुख — सदस्य

(छ) योजना शाखा प्रमुख — सदस्य-सचिव

यस समितिले गाउँपालिकाका अध्यक्ष र आवश्यकता अनुसार विज्ञको रुपमा अन्य व्यक्तिलाई पनि आमन्त्रित सदस्यको रुपमा योजनाको अनुगमनमा आमन्त्रण गर्न सक्नेछ ।

**४. अनुगमन तथा सुपरीवेक्षण समितिको काम, कर्तव्य र अधिकार :** अनुगमन तथा सुपरीवेक्षण समितिको काम, कर्तव्य र अधिकार देहाय अनुसार हुनेछ,

(क) स्वीकृत वार्षिक कार्य योजना भित्रको योजना हो वा होइन सुनिश्चित गर्ने ।

(ख) गाउँपालिकावाट सञ्चालित योजनाहरुको लागत, परिमाण, समय सीमा र गुणस्तरको आधारमा निश्पक्ष तथा वस्तुपरक ढङ्गले अनुगमन गर्ने ।

(ग) अनुगमनको दौरानमा देखिएका कैफियतहरु सच्याउन वा सुधार गर्न सकिने भए तत्काल स्थलगत सुझाव तथा पृष्ठपोषण दिने ।

(घ) स्वीकृत (लागत अनुमान तथा डिजाइन) भन्दा भिन्न तरिकाले काम भइरहेको भए निर्माण कार्य रोक्न लगाउने ।

(ङ) अनुसूची-१ बमोजिमको अनुगमन सम्वन्धी साप्ताहिक/पाक्षिक कार्यतालिका बनाई अध्यक्षबाट स्वीकृत गराएर मात्र अनुगमन गर्ने ।

(च) योजनाहरुको अनुगमन गर्दा अनुसूची-२ बमोजिम नतिजा सूचक सहितको अनुगमन फाराम अनिवार्य रुपमा भर्नु पर्नेछ ।

(छ) प्रत्येक २/२ महिनामा अनुसूची-३ वमोजिमको अनुगमन प्रतिवेदन तयार गरी गाउँपालिकाको अध्यक्ष मार्फत कार्यपालिका समक्ष पेश गर्ने ।

(ज) योजनाको प्रकृतिको कारण कुनै योजनालाई तेश्रो पक्षबाट अनुगमन गराउन आवश्यकता महसुस भएमा सोको लागि गाउँ कार्यपालिकालाई सिफारिस गर्न सक्ने ।

(झ) गाउँपालिकाको अध्यक्ष, कार्यपालिका र गाउँसभाबाट प्राप्त निर्देशनहरु पालना गर्ने र गराउने ।

(ञ) सचिवालयको रुपमा अनुगमन सम्बन्धी सबै अभिलेखहरु सुरक्षित तथा दुरुस्त राख्ने कार्य सदस्य सचिवको हुने र योजना शाखाले सचिवालयको भूमिका निर्वाह गर्ने ।

**५. वडा स्तरीय अनुगमन समिति :** वडा स्तरीय योजनाहरुको लागत, परिमाण, समय सीमा र गुणास्तरको आधारमा अनुगमन गरी आवश्यक पृष्ठपोषण प्रदान गर्नको लागि देहाय अनुसारको अनुगमन समिति गठन गरिनेछ ।

| | |
|---|---|
| (क) सम्बन्धित वडा अध्यक्ष | अध्यक्ष |
| (ख) वडा सदस्यहरु ४ जना | सदस्य |
| (ग) सम्बन्धित वडाको लागि खटिएको प्राबिधिक प्रमुख | सदस्य |
| (घ) सम्बन्धित वडा सचिव | सदस्य |

**६. वडा अनुगमन समितिको काम कर्तव्य र अधिकार :** यस अनुगमन समितिको काम कर्तव्य र अधिकार देहाय अनुसार हुनेछ,


(क) गाउँपालिकाबाट सञ्चालित वडास्तरीय योजनाहरुको लागत, परिमाण, समय सीमा र गुणस्तरको आधारमा निष्पक्ष अनुगमन गर्ने ।

(ख) अनुगमनको दौरानमा देखिएका कैफियतहरु सच्याउन वा सुधार गर्न सकिने भए तत्काल स्थलगत सुझाव तथा पृष्ठपोषण दिने ।

(ग) स्वीकृत (लागत अनुमान तथा डिजाइन) भन्दा भिन्न काम भइरहेको भए निर्माण कार्य रोक्न लगाउने ।

(घ) वडा भित्र सञ्चालित गाउँस्तरीय योजनाहरुको निर्माण, अनुगमन र सुपरीवेक्षण कार्यमा आवश्यकता अनुसार सहजिकरण गर्ने ।

(ङ) चौमासिक अनुगमन प्रतिबेदन तयार गरी वडा समितिको बैठकमा पेश गर्ने ।



## परिच्छेद-३

## अनुगमन विधि तथा प्रक्रिया

**७. अनुगमन विधि :** गाउँपालिकाबाट सञ्चालित गाउँ स्तरीय योजनाहरुको अनुगमन गर्नको लागि देहाय अनुसारको अनुगमन बिधि अवलम्बन गरिनेछ ।

(क) पूर्वाधार शाखाले आगामी साप्ताहिक/पाक्षिक रुपमा अनुगमन गर्न सकिने सम्भावित योजनाहरुको सूची तयार गरी योजना शाखामा पेश गर्नेछ । यसरी सूची तयार गर्दा सम्बन्धित उपभोक्ता समिति, निर्माण व्यवसायीहरुसँग पनि समय सुनिश्चित गरेर मात्र तयार गर्नु पर्नेछ ।

(ख) नियम ७ (क) बमोजिम प्राप्त सूचीको आधारमा योजना शाखाले संयोजकसँगको परामर्शमा अनुसूची-१ बमोजिमको अनुगमन सम्बन्धी साप्ताहिक/पाक्षिक कार्यतालिका तयार गरी अध्यक्ष समक्ष स्वीकृतीका लागि पेश गर्नेछ ।

(ग) स्वीकृत कार्यतालिका बमोजिम योजना अनुगमन गर्ने र अनुगमन गर्नु भन्दा कम्तिमा १ दिन अगावै अनुगमन समितिका सबै पदाधिकारीलाई पूर्व सूचना दिनु पर्नेछ । सकभर अनुगमन गर्ने मिति/समय सबैलाई अनुकुल र कार्यालयको कामलाई असर नपर्ने गरी मिलाउनु पर्नेछ ।

(घ) अनुगमन समितिको सबै सदस्यहरुको अनिवार्य उपस्थिति हुनु पर्नेछ र कारणबस हुन नसके ५१ प्रतिशत उपस्थिती अनिवार्य हुनेछ ।

(ङ) अनुगमन कार्यमा सम्बन्धित वडाका जनप्रतिनिधि, कर्मचारी र प्राविधिकले आवश्यक सहजिकरण गर्नु पर्नेछ ।

(च) अनुगमन गर्दा अनुसूची-२ बमोजिम नतिजा सूचक सहितको अनुगमन फाराम साथै लिएर जानु पर्नेछ र आयोजना स्थलमै भर्नु पर्नेछ ।

(छ) अनुगमनका दौरानमा देखा पर्ने समस्या तत्काल अनुगमन समितिले समाधान गर्न नसक्ने परिस्थिती देखा परेमा समाधानका लागि अध्यक्ष मार्फत गाउँ कार्यपालिकामा लैजानु पर्नेछ ।

## परिच्छेद-४
## विविध

**८. सुविधा :**

(१) अनुगमन तथा सुपरीवेक्षण समितिका पदाधिकारीहरुलाई गाउँ स्तरीय योजनाहरुको अनुगमन गर्न जाँदा गाउँपालिकाको प्रचलित नियम अनुसारको भत्ता उपलब्ध हुनेछ । एउटै योजनालाई पटक पटक अनुगमन गर्न गएमा पनि एक पटक भन्दा बढी भत्ता उपलव्ध हुने छैन । तर चिया खाजाको भने व्यवस्था हुनेछ ।

(२) अनुगमन भत्ता प्राप्तीको लागि अनुसूची-३ बमोजिमको प्रगती प्रतिबेदन अनिवार्य हुनेछ ।

(३) एक दिनमा एक पटकको अनुगमन कार्यको मात्र अनुगमन सुविधा लिन पाइनेछ ।

**९. अनुगमन व्यवस्थापन :**

(१) अनुगमनको लागि आवश्यक यातायातको साधन तथा अन्य सामग्री उपलब्ध गराउने जिम्मेवारी सचिवालयको हुनेछ ।

**१०. पदीय आचरण :**

गाउँपालिकाको गरिमामा कुनै नकारात्मक असर नपर्ने गरी नागरिक तथा उपभोक्ताहरुको अधिकतम हित र अधिकारलाई केन्द्रमा राखेर प्रचलित आचार संहिता भित्र रही अनुगमन गर्नु अनुगमनकर्ताको कर्तव्य हुनेछ । यदी सो सम्बन्धमा अनुगमनकर्ता उपर कुनै लिखित वा मौखिक उजुरी परेमा कार्यपालिकाले सो सम्बन्धमा आवश्यक निर्णय गर्न सक्नेछ ।

**११. खारेजी तथा बचाउ :**

(१) यस निर्देशिकालाई आवश्यकता अनुसार संसोधन वा खारेज गर्ने अधिकार कार्यपालिकामा निहित रहनेछ ।

अनुसूची-१

(परिच्छेद २ को बुँदा नं. ४ (घ) सँग सम्बन्धित)

**अनुगमन सम्बन्धी साप्ताहिक/पाक्षिक कार्यतालिका**

| क्र. सं. | अनुगमन गर्नुपर्ने योजनाको नाम र ठेगाना | योजना लागत | | | समय तालिका | | सम्पर्क व्यक्तिको नाम |
|---|---|---|---|---|---|---|---|
| | | गा.पा. | अन्य श्रोत | योजनाको कुल लागत | मिति | समय | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

तयार गर्ने :
नाम :
पद :
मिति :

पेश गर्ने :
नाम :
पद :
मिति :

स्वीकृत गर्ने :
नाम :
पद :
मिति :

अनुसूची-२

(परिच्छेद २ को बुँदा नं. ४ (ङ) सँग सम्बन्धित)

## नतिजा सूचक सहितको अनुगमन फाराम

योजनाको नाम : मिति :

ठेगाना : विनियोजित रकम :

| सूचक | पुष्टाईका आधार | क. भएको (बढीमा ५ कम्तीमा १ अङ्क दिने) | ख. नभएको (बढीमा ५ कम्तीमा १ अङ्क दिने) |
|---|---|---|---|
| लागत | स्वीकृत लागत अनुमान भित्र नै कार्य | | |
| | उपभोक्ताको लागत सहभागिता तोकिए बमोजिम प्राप्त | | |
| | स्थानीय श्रोत साधनको प्रयोग | | |
| परिमाण | स्वीकृत लागत अनुमान (परिमाण) सबै | | |
| | स्वीकृत लागत अनुमान भन्दा पनि बढी परिमाणमा काम | | |
| | बिना स्वीकृत ल.इ. भन्दा फरक परिमाण र आइटमको काम | | |
| समय सीमा | सम्झौता अवधी भित्र कार्य सम्पन्न भएको वा हुन सक्ने | | |
| | सम्झौता अवधी भित्र सम्पन्न हुन असम्भव | | |
| | असम्भव भए तोकिएको समय भित्रै म्याद थप गर्ने कार्य | | |
| गुणस्तरीयता | निर्माण कार्यमा गुणस्तरीता कायम | | |
| | योजनाबाट उपभोक्ताको सन्तुष्टी बढ्ने सम्भावना | | |
| कुल प्राप्ताङ्क | | | |

निष्कर्ष तथा सिफारिश :

अनुगमनकर्ताको नाम र दस्तखत :

१. ...........
२. ...........
३. ...........
४. ...........
५. ...........
६. ...........

अनुसूची-३
(परिच्छेद २ को बुँदा नं. ४ (च) सँग सम्बन्धित)

## सम्मरीमाई गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## फरेना, रुपन्देही

### अनुगमन प्रतिबेदन नमूना

आ.व २०७ / २०७

अनुगमन अवधी :

मिति :

(क) अनुगमन सम्बन्धी तथ्याङ्क

| क.सं. | अनुगमन गरेको योजनाको नाम | वडा नं | विनियोजित रकम | अनुगमन गर्दा योजनाको अवस्था (उत्तम, सामान्य वा खराब) | लाभान्वित घरधुरी | उपभोक्ता समितिको अध्यक्षको वा निर्माण व्यवसायीको नाम |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

(ख) अनुगमनको क्रममा देखा परेका मुख्य उपलब्धिहरु
१.
२.
३.

(ग) अनुगमनको क्रममा देखा परेका मुख्य समस्याहरु
१.
२.
३.

(घ) समाधानका उपायहरु/सुझाव/पृष्ठपोषण
१.
२.
३.

(ङ) निष्कर्ष

(च) अनुगमनको फोटोहरु

प्रतिबेदन तयार गर्ने

प्रतिवेदन पेश गर्ने